केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१३/०७२/७३

मितिः २०७२/१०/१०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्य तथा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिम '**आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२**' नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनका लागि आएको हुँदा यसैसाथ संलग्न कार्यविधि कार्यान्वयन गर्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ। साथै, कार्यविधिको बुँदा नं. ३ को उपबुँदा नं. (८) बमोजिम बैंक तथा वित्तीय संस्थाहरुबाट कोषमा दाखिला गर्न सकिने रकमको प्रतिवद्धता समेत यस बैंकलाई एक महिनाभित्र उपलब्ध गराउनु पर्नेछ।

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ।

# आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२

## प्रस्तावना

राष्ट्रिय योजना आयोगबाट तयार पारिएको विपद्‌पछिको आवश्यकता आँकलन प्रतिवेदनमा भूकम्पबाट क्षतिग्रस्त संरचना तथा सामाजिक र आर्थिक क्षेत्रको पुनरुद्धार गर्न सरकारी तहबाट पुनर्निर्माण एवं पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी नागरिकलाई राहत प्रदान गर्ने उल्लेख भएको, आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नं. ३३ मा भूकम्पबाट असर परेका कृषि, व्यवसाय तथा पर्यटन लगायतका क्षेत्रलाई पुनर्कर्जा सुविधा तथा व्याज सहुलियत प्रदान गर्न नेपाल राष्ट्र बैंकअन्तर्गत सञ्चालन हुने गरी एक आर्थिक पुनरुद्धार कोषको स्थापना गर्ने भन्ने व्यवस्था, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको मौद्रिक नीति २०७२/७३ को बुँदा नं. ७३ मा भूकम्पबाट असर परेको कृषि, व्यवसाय तथा पर्यटनलगायतका क्षेत्रलाई पुनर्कर्जा उपलब्ध गराउने तथा व्याज सहुलियत प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउन आर्थिक पुनरुद्धार कोष सञ्चालन गर्ने उल्लेख भएको, नेपाल सरकारद्वारा २०७२ मंसिर ८ गते जारी गरिएको देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशासम्बन्धी श्वेतपत्रको बुँदा नं. ९२ मा पर्यटन र उत्पादनमूलक उद्योगका साथै दूध, तरकारी र मासु उत्पादक किसानले लिएको ऋणको साँवा व्याज भुक्तानीको पुनर्तालिकीकरण र व्याजको केही अंश छुट दिने व्यवस्था गर्ने उल्लेख भएको तथा सरोकारवाला निजी क्षेत्रबाट पुनरुद्धार कोष स्थापना गर्न उपयुक्त हुने सुझाव प्राप्त भएको सन्दर्भसमेतका आधारमा भूकम्पबाट भएको क्षति, सीमानाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिबाट कृषि, पर्यटन, उद्योग, व्यवसायलगायत अर्थतन्त्रमा पर्न गएको प्रतिकूल असरलाई न्यूनीकरण गर्दै लगानीको विश्वसनीय वातावरण बनाई राख्न एवं आर्थिक गतिशीलता बढाउन नेपाल सरकार (मन्त्रिपरिषद्) ले यो आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि,

(क) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनुपर्दछ।

(ख) "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरू सम्झनुपर्दछ।

(ग) "व्याज अनुदान" भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिमका क्षेत्रमा प्रवाह गरिएको कर्जामा कोषबाट नेपाल राष्ट्र बैंकमार्फत दिइने व्याज अनुदान सम्झनुपर्दछ।

(घ) "पुनर्कर्जा" भन्नाले अनुसूची-२ मा उल्लेख गरिएका क्षेत्रमा प्रदान गरिएको कर्जाका लागि आर्थिक पुनरुद्धार कोषलाई आधारमानी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई प्रदान गर्ने सहुलियतपूर्ण कर्जा सम्झनुपर्दछ।

(ङ) "असहज परिस्थिति" भन्नाले भूकम्पबाट भएको क्षति, सीमानाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिलाई सम्झनुपर्दछ।

(च) "समिति" भन्नाले दफा १० बमोजिमको समन्वय तथा अनुगमन समिति सम्झनुपर्दछ।

३. **कोषको स्थापना**

(१) असहज परिस्थितिका कारण कृषि, उद्योग, व्यवसाय, जलविद्युत तथा पर्यटनलगायत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा परेको प्रतिकूल असरलाई न्यूनीकरण गरी यी क्षेत्रहरूको पुनरुत्थान गर्नका लागि यी क्षेत्रहरूमा व्याज सहुलियत प्रदान गर्न र पुनर्कर्जा सुविधा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकमार्फत सञ्चालन हुने गरी नेपाल सरकारले एउटा कोष स्थापना गर्नेछ।

(२) यस कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) वाह्य विकास साझेदारहरूबाट प्राप्त रकम,

(ग) बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त रकम, र

(घ) पुनर्कर्जाको व्याज वापत प्राप्त हुने रकम।

(३) उपदफा (१) बमोजिमको कोष एक सय अर्ब रुपैयाँको हुनेछ।

(४) नेपाल राष्ट्र बैंकले व्याज अनुदान र पुनर्कर्जाका लागि छुट्टाछुट्टै खाता सञ्चालन गर्नेछ।

(५) उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिम प्राप्त रकम पुनर्कर्जा खातामा मात्र जम्मा गरिनेछ।

(६) उपदफा (२) को खण्ड (ग) बमोजिम प्राप्त हुने रकमलाई नेपाल राष्ट्र बैंकले वैधानिक तरलता अनुपात (स्ट्याच्यूटरी लिक्वीडिटी रेसियो) गणना गर्ने प्रयोजनका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ। यस्तो रकममा वार्षिक १.५ प्रतिशतका दरले व्याज प्रदान गरिनेछ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिम प्राप्त हुने रकम कम्तिमा दुई वर्षका लागि राख्नु पर्नेछ।

(८) उपदफा (२) को खण्ड (ग) बमोजिम कोषमा जम्मा हुने रकमका सम्बन्धमा बैंकहरूबाट दाखिला गर्न सकिने रकमको प्रतिवद्धता नेपाल राष्ट्र बैंकले लिई आवश्यकताअनुसार उक्त रकम कोषमा जम्मा गर्न लगाउन सक्नेछ।

४. **कोषको प्रयोग कोषमा जम्मा हुन आउने रकमको प्रयोग देहायबमोजिम हुनेछः-**

(१) यस कार्यविधिमा उल्लेख भएबमोजिम व्याज अनुदान प्रदान गर्न,

(२) कोषलाई आधारमानी सहुलियतपूर्ण व्याजदरमा पुनर्कर्जा प्रदान गर्न,

(३) कोषमा जम्मा भएको बैंक तथा वित्तीय संस्थाहरूको रकममा व्याज प्रदान गर्न,

(४) बैंक तथा वित्तीय संस्थाले जम्मा गरेको रकम फिर्ता गर्न, र

(५) कोष सञ्चालनसम्बन्धी खर्च व्यहोर्न।

५. **व्याज अनुदानसम्बन्धी व्यवस्था**

(१) अनुसूची-१ मा उल्लेख भएका क्षेत्रहरूलाई देहायका अवस्थामा मात्र व्याज अनुदान प्रदान गरिनेछः

(क) सीमानाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिका कारण आर्थिक वर्ष २०७१/७२ को पहिलो ६ महिनामा भएको उत्पादन/कारोबार आर्थिक वर्ष २०७२/७३ को सोही अवधिमा ५० प्रतिशतभन्दा कम भएमा,

(ख) व्याज अनुदान आवेदन गर्ने ऋणी २०७२ असारमसान्तमा नेपाल राष्ट्र बैंकको कर्जा वर्गीकरणअनुसार असल ऋणीमा वर्गीकृत भएको भएमा।

(ग) यस्तो सुविधा व्यवसायिक कार्ययोजना प्राप्त गरी त्यसका आधारमा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित अवस्था पूरा भएमा आर्थिक वर्ष २०७२/७३ को साउन महिनादेखि पुस महिनासम्मको व्याजदरमा रु. दश करोडसम्मको कर्जा उपयोग गरेकोमा वार्षिक चार प्रतिशत विन्दुका दरले र रू. दश करोडभन्दा बढी कर्जा उपयोग गरेकोमा उक्त बढी कर्जाको व्याजदरमा वार्षिक दुई प्रतिशत विन्दुका दरले व्याज अनुदान उपलव्ध गराइनेछ।

तर, व्यक्तिगत कर्जा, घर कर्जा, सवारी साधन कर्जालगायत आपूर्तिमा देखिएको असहजताका कारण नगद प्रवाह प्रभावित नभएका क्षेत्रलाई यस्तो व्याज अनुदान उपलब्ध गराइने छैन।

<u>उदाहरण १</u>

"क" भन्ने ऋणीले बैंक वा वित्तीय संस्थाबाट १० प्रतिशत व्याजदरमा रु. १ करोड ऋण लिएको रहेछ। ऋणी यो कार्यविधिअनुसार व्याज अनुदान पाउन योग्य भएमा उक्त ऋणीले रु. २ लाख व्याज अनुदान प्राप्त गर्नेछ।

- ऋण रकम रु. १ करोड
- व्याजदर वार्षिक १० प्रतिशत

- वार्षिक व्याज रकम रु. १० लाख
- वार्षिक ४ प्रतिशतका दरले ६ महिनाको लागि व्याज अनुदान पाउने रकम रु.२ लाख।

उदाहरण २

"ख" भन्ने ऋणीले बैंक वा वित्तीय संस्थाबाट १० प्रतिशत व्याजदरमा रु. ११ करोड ऋण लिएको रहेछ। ऋणी यो कार्यविधिअनुसार व्याज अनुदान पाउन योग्य भएमा उक्त ऋणीले रु. २१ लाख व्याज अनुदान प्राप्त गर्नेछ।

- ऋण रकम रु. ११ करोड
- व्याजदर वार्षिक १० प्रतिशत
- वार्षिक व्याज रकम रु. १ करोड १० लाख
- १० करोडसम्मको व्याज अनुदान वार्षिक ४ प्रतिशतका दरले ६ महिनाको लागि व्याज अनुदान पाउने रकम रु. २० लाख
- थप १ करोड रकमका लागि व्याज अनुदान वार्षिक २ प्रतिशतका दरले ६ महिनाको लागि व्याज अनुदान पाउने रकम रु १ लाख।

६. व्याज अनुदानसम्बन्धी प्रक्रिया

(१) बैंक तथा वित्तीय संस्थाले यो कार्यविधि लागू भएको पन्ध्र दिनभित्र ऋणीहरूलाई व्याज अनुदानका लागि एक महिनाको अवधि तोकी सूचना दिनु पर्नेछ।

(२) यस कार्यविधिबमोजिम व्याज अनुदान प्राप्त गर्ने ऋणीले दफा ५ मा उल्लिखित अवस्थाहरूको विवरण तथा कागजातसहित अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित बैंक वा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछ।

(३) ऋणीबाट निवेदन प्राप्त भइसकेपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले यस कार्यविधिअनुसार ऋणीले व्याज अनुदान प्राप्त गर्ने देखिएमा पाकेको व्याजमध्ये व्याज अनुदान पाउने रकम मिन्हा गर्नुपर्नेछ। मिन्हा गरेको व्याज रकम नेपाल सरकारबाट पाउनु पर्ने देखाई सोको शोधभर्ना अनुसूची-४ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंकसँग माग गर्नु पर्नेछ।

(४) बैंक तथा वित्तीय संस्थाले उपदफा (३) बमोजिम व्याज अनुदान रकम मिन्हा गरी शोधभर्ना माग गरेको अवस्थामा नेपाल राष्ट्र बैंकले यस कार्यविधिबमोजिम व्याज अनुदान खातामा खर्च लेखी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई व्याज अनुदान रकम शोधभर्ना उपलब्ध गराउनेछ।

७. पुनर्कर्जासम्बन्धी व्यवस्था

(१) भूकम्पबाट क्षति भएका यस कार्यविधिको अनुसूची-२ मा पुनर्कर्जाको लागि तोकिएका क्षेत्रहरूमा सञ्चालित उद्योग/व्यवसायहरूले मात्र पुनर्कर्जा सुविधा प्राप्त गर्ने छन्।

(२) बैंक तथा वित्तीय संस्थाले कुनै पनि ऋणीलाई रु. पाँच करोडसम्मको पूरै र सो भन्दा बढी कर्जा उपयोग गरेको अवस्थामा उक्त बढी कर्जाको बीस प्रतिशतका दरले यो सुविधा प्रदान गर्नेछ।

(३) बैंक तथा वित्तीय संस्थाबाट ऋण नलिएका उद्योग/व्यवसायहरूले पनि भूकम्पबाट क्षति भएको कारण ऋण लिन चाहेमा उपदफा (२) को सीमाअनुसार नै यो सुविधा उपलव्ध गराइनेछ।

(४) यस्तो सुविधा बैंक तथा वित्तीय संस्थाहरूले ऋणीबाट व्यवसायीक कार्ययोजना प्राप्त गरी त्यसका आधारमा प्रदान गर्नुपर्नेछ ।

(५) क्षतिको प्रमाण जिल्ला दैवीप्रकोप उद्धार समितिले प्रमाणित गरेको हुनुपर्नेछ।

(६) निर्यात पुनर्कर्जा तथा रुग्ण उद्योग पुनर्कर्जा लिने ऋणीले यो सुविधा पाउने छैनन्।

(७) बीमाबाट क्षतिपूर्ति प्राप्त गर्ने/गरेका व्यवसायीहरूले बीमाले समेट्न नसकेको रकमको हदसम्म मात्र यस्तो सुविधा प्राप्त गर्न सक्नेछन्।

(८) कोषलाई आधार मानी प्रवाह गरिने पुनर्कर्जाको व्याजदर वार्षिक १.५ प्रतिशत हुनेछ। बैंक तथा वित्तीय संस्थाहरूले बढीमा वार्षिक पाँच प्रतिशतसम्मको व्याजदरमा कर्जा प्रवाह गर्नुपर्नेछ।

(९) यस्तो पुनर्कर्जा सुविधा वढीमा दुई वर्षका लागि हुनेछ।

(१०) कोषबाट प्रदान गरिने पुनर्कर्जालाई नेपाल राष्ट्र बैंकको अन्य नियमित पुनर्कर्जाको रूपमा गणना गरिने छैन।

(११) पुनर्कर्जासम्बन्धी शर्त एवं अन्य व्यवस्थाहरू नेपाल राष्ट्र बैंकले तोकिदिएबमोजिम हुनेछन्।

८. पुनर्कर्जासम्बन्धी प्रक्रिया

(१) यस कार्यविधिबमोजिम नेपाल राष्ट्र बैंकले प्रदान गर्ने पुनर्कर्जाको प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) पुनर्कर्जा लिन चाहने ऋणीले अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित बैंक वा वित्तीय संस्था समक्ष निवेदन दिनुपर्नेछ।

(ख) ऋणीबाट प्राप्त कर्जा निवेदन तथा विवरणको आधारमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्नेछ। कर्जा प्रवाह गर्न नसकिने भएमा सोको कारणसहित सम्बन्धित ऋणीलाई निवेदन प्राप्त भएको ७ (सात) दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

(ग) सम्बन्धित बैंक तथा वित्तीय संस्थाले पुनर्कर्जा प्राप्त गर्न अनुसूची-६ को ढाँचामा नेपाल राष्ट्र बैंकमा निवेदन दिनुपर्नेछ।

(घ) बैंक तथा वित्तीय संस्थाबाट पुनर्कर्जाका लागि पर्न आएको निवेदनका आधारमा नेपाल राष्ट्र बैंकले पुनर्कर्जासम्बन्धी प्रक्रिया पूरा गरी आवश्यक शर्त तोकी पुनर्कर्जा उपलब्ध गराउनेछ।

(२) प्रत्येक बैंक वा वित्तीय संस्थाले यस कार्यविधिअनुसार प्रवाह गर्ने पुनर्कर्जाको सीमा प्राथमिक पुँजीको पचास प्रतिशत हुनेछ। उक्त सीमाभन्दा बढी कर्जा लगानी गर्नु परेमा बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ।

**स्पष्टीकरणः** यो उपदफाको प्रयोजनको लागि प्राथमिक पुँजी भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको प्राथमिक पुँजीलाई जनाउनेछ।

(३) पुनर्कर्जा सुविधा प्राप्त गर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशनबमोजिम हुनेछ।

## ९. सम्बन्धित निकायहरूको काम र कर्तव्य

(१) यस कार्यविधिको प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले देहायका कार्य गर्नेछः-

(क) बैंक तथा वित्तीय संस्थाहरूलाई पुनर्कर्जा प्रदान गरिएको रकम र व्याज अनुदान वापत शोधभर्ना प्रदान गरिएको रकमको त्रैमासिक विवरण नेपाल सरकार, अर्थ मन्त्रालयलाई उपलब्ध गराउने,

(ख) यो कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, र

(ग) कर्जा निरीक्षण गर्दा उद्देश्यअनुरुप कर्जा उपयोग भएको नपाइएमा वा कार्यविधि विपरीत व्याज अनुदान लिए दिएको पाइएमा प्रचलित कानूनबमोजिम सम्बन्धित पक्षलाई कारवाही गर्ने।

(२) सम्बन्धित बैंक तथा वित्तीय संस्थाले देहायका कार्य गर्नुपर्नेछः

(क) पुनर्कर्जासम्बन्धी त्रैमासिक विवरण अनुसूची- ७ र व्याज अनुदान उपलब्ध गराएको विवरण अनुसूची-४ बमोजिम त्रयमास समाप्त भएको १५(पन्ध्र) दिनभित्र नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने,

(ख) कर्जा उपयोगको निरीक्षण गरी सोको अभिलेख तथा व्याज अनुदान उपलब्ध गराएको अभिलेख अद्यावधिक गरी राख्ने,

(ग) पुनर्कर्जा सुविधा पाउने गरी प्रवाह गरिएको कर्जाको व्याजदर कर्जा भुक्तानी अवधिभर वृद्धि नगर्ने।

(३) यस कार्यविधिबमोजिमको सुविधा उपभोग गर्ने ऋणीले देहायका कार्य गर्नुपर्नेछः

(क) व्याज अनुदान प्राप्त गर्नका लागि तोकिएको समयावधिभित्र तोकिएको ढाँचामा संलग्न गर्नुपर्ने कागजातसहित सम्बन्धित बैंक वा वित्तीय संस्थामा निवेदन दिनुपर्ने।

(ख) कर्जाको साँवा व्याज रकम समयमै भुक्तानी गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाले मागेका विवरण उपलब्ध गराउनुको साथै उक्त संस्थाद्वारा तोकिएका शर्तहरूको पालना गर्ने, र

(घ) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्ने।

## १०. समन्वय तथा अनुगमन समिति

(१) व्याज अनुदान तथा पुनर्कर्जा सुविधासम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहायको एक समिति रहनेछः

| | |
|---|---|
| (क) डेपुटी गभर्नर (बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने), नेपाल राष्ट्र बैंक | संयोजक |
| (ख) सहसचिव, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | सदस्य |
| (ग) सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (ङ) अध्यक्ष, नेपाल बैंकर्स संघ | सदस्य |
| (च) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (छ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक (बैंक तथा वित्तीय संस्था नियमन विभाग) | सदस्य-सचिव |

(२) समितिले आवश्यकतानुसार बढीमा २ (दुई) जना सम्वन्धित क्षेत्रका विज्ञ तथा विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) व्याज अनुदान वापत शोधभर्ना गरिएको रकम सम्बन्धमा उजुरी वा गुनासो प्राप्त भएमा वा कोषको सदुपयोग भए/नभएको सम्बन्धमा समितिले "प्राविधिक समिति" गठन गरी छानविन गराउन सक्नेछ। यसरी छानविन गराउँदा यस कार्यविधि विपरीत भए गरेको पाइएमा व्याज अनुदानवापत शोधभर्ना दिइएको रकम असुल उपर गरिनेछ।

(४) समितिले आफ्नो बैठकसम्बन्धी कार्यविधि र उपदफा (३) बमोजिम गठित प्राविधिक समितिको कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ।

## ११. व्याख्या गर्ने अधिकार

यो कार्यविधिमा भएका प्रावधानहरूको कार्यान्वयनका क्रममा कुनै द्विविधा पर्न गएमा सोको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

## १२. सचिवालय र गुनासो

(१) समन्वय तथा अनुगमन समितिको सचिवालय नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ।

(२) यो कार्यविधिको कार्यान्वयनको क्रममा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको, सेवाग्राहीले सेवा सुविधा नपाएको लगायतका गुनासो सुन्ने तथा सोको आधारमा आवश्यक कारवाही अगाडि बढाउने कार्य समितिले गर्नेछ।

## १३. संशोधन तथा हेरफेर

यस कार्यविधिको संशोधन तथा हेरफेर नेपाल सरकार (मन्त्रिपरिषद्) बाट हुनेछ। तर, अनुसूचीमा संशोधन वा कुनै हेरफेर गर्नुपर्ने भएमा समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले गर्नेछ।

सचिव

## अनुसुची–१

(दफा ५ र ६ सँग सम्बन्धित)

### व्याज अनुदान उपलब्ध गराइने क्षेत्र

| कृषि क्षेत्र | पर्यटन क्षेत्र | घरेलु, साना तथा मझौला उद्योगहरू | उत्पादनमूलक उद्योगहरू |
|---|---|---|---|
| युवा तथा साना व्यवसायीहरूलाई प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७१ बमोजिम नसमेटिएको कृषिजन्य उत्पादन क्षेत्र । | १.ट्रेकिङ्ग, ट्राभल, पर्वतारोहण, होमस्टे, रिसोर्ट, ऱ्याफ्टिङ्ग, क्याम्पिङ्ग ।<br><br>२.होटल तथा रेष्टुरेण्ट । | सबै घरेलु, साना तथा मझौला उद्योगहरू । | चुरोट, बिंडि, सिगार, सुर्ती, खैनी गुट्खालगायत सुर्तीजन्य उद्योग, मदिराजन्य उद्योग तथा वहुराष्ट्रिय कम्पनी बाहेकका अन्य उत्पादनमूलक उद्योगहरू । |

सचिव

अनुसूची - २

(दफा ७ र ८ सँग सम्बन्धित)

पुनर्कर्जा लागि तोकिएका क्षेत्रहरू

| उद्योग | पर्यटन क्षेत्र | जलविद्युत | कृषि क्षेत्र | रियलइस्टेट |
|---|---|---|---|---|
| १. घरेलु उद्योग।<br>२. साना तथा मझौला उद्योग ।<br>३. अन्य उत्पादनमूलक उद्योगहरू ।* | १. ट्रेकिङ्ग, ट्राभल , पर्वतारोहण, होमस्टे, रिसोर्ट, न्याफ्टिङ्ग, क्याम्पिङ्ग ।<br>२. होटल तथा रेष्टुरेण्ट। | १.निर्माणाधिन जल विद्युत आयोजना ।<br>२.निर्माण सम्पन्न भएता पनि भूकम्पको क्षतिका कारण व्यावसायिक उत्पादन बन्द रहेका विद्युत गृह । | युवा तथा साना व्यवसायीहरूलाई प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७१ बमोजिम नसमेटिएको कृषिजन्य उत्पादन क्षेत्र । | कम्पनीको रूपमा सञ्चालन भएका रियलइस्टेट कम्पनीहरू (जग्गा खरिद लागत बाहेक) । |

* यस प्रयोजनका लागि उद्योग भन्नाले चुरोट, बिंडि, सिगार, सुर्ती, गुट्खा, खैनीलगायत सुर्तीजन्य उद्योग, मदिराजन्य र वहुराष्ट्रिय कम्पनी बाहेकका उद्योगलाई जनाउनेछ ।

अनुसूची - ३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## व्याज अनुदान प्राप्त गर्न चाहने ऋणीले सम्बन्धित बैंक/वित्तीय संस्थामा दिने निवेदन फारम

(व्याज अनुदान लिन चाहने व्यक्ति/फर्मका लागि)

श्री कार्यालय प्रमुखज्यू,

.............................बैंक/वित्तीय संस्था,

............................. ।

महोदय,

मैले ........................... कृषि/पर्यटन/घरेलु, साना तथा मझौला उद्योग/उत्पादनमूलक उद्योगको लागि रु. ......................... कर्जा ................................. बैंक/वित्तीय संस्था .................... शाखा कार्यालयबाट उपभोग गरी २०७२ असार मसान्तसम्म नियमित रूपमा साँवा/व्याज रकम भुक्तानी गर्दै आएकोमा हालैको असहज परिस्थितिका कारण मेरो उद्योग व्यवसायमा प्रतिकूल असर पर्न गई आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ ले निर्धारण गरेको अवस्था विद्यमान भएकोले आर्थिक पुनरुद्धार कोषको आधारमा व्याज अनुदान सुविधा पाऊँ भनी तोकिएका आवश्यक काजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु।

दस्तखतः ..............................

नाम थरः ..............................

पदः (फर्म वा संस्थाको लागि)

छाप (फर्म वा संस्थाको लागि)

ठेगानाः

संलग्न कागजातको सूची:

१.

२.

३.

अनुसूची - ४

(दफा ६ को उपदफा (३) र दफा ९ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**आर्थिक पुनरुद्धार कोषको आधारमा व्याज अनुदान प्रदान गरिएको कर्जाको विवरण**

(बैंक तथा वित्तीय संस्थाका लागि)

मितिः २०७ .. /.. ..

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग, काठमाडौं ।

विषयः व्याज अनुदान प्रदान गरिएको रकमको शोधभर्ना सम्बन्धमा ।

महोदय,

आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ ले गरेको व्यवस्थाका आधारमा यस बैंकले मिन्हा गरेको व्याजको विवरण देहायबमोजिम रहेकाले उक्त रकमको शोधभर्ना यस बैंकको तहाँ स्थित                खाता नं. .........जम्मा गरिदिनु हुन अनुरोध छ ।

| क्र.सं. | ऋणी को नाम | कर्जा शीर्षक | कर्जा प्रवाह गरिएको मिति | २०७२ असार मसान्तको बाँकी साँवा रकम (रु) | वार्षिक व्याजदर | २०७२ साउनदेखि पुससम्मको अवधिको व्याज रकम | शोधभर्ना माग गरेको रकम (रु) | २०७२ असार मसान्तको कर्जा वर्गीकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

..................... बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखतः

नामः

पदः

छापः

विभाग/कार्यालयः

संलग्न कागजातको सूची:

१.

२.

३.

अनुसूची - ५

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

पुनर्कर्जा लिन चाहने ऋणीले सम्बन्धित बैंक/वित्तीय संस्थामा पुनर्कर्जाको लागि दिने निवेदन फारम

(ऋण लिन चाहने व्यक्ति/फर्मका लागि)

श्री कार्यालय प्रमुखज्यू

..............................बैंक/वित्तीय संस्था,

.............................. ।

महोदय,

मैले यस बैंकबाट उद्योग/पर्यटन/जलविद्युत/कृषि व्यवसायका लागि रु. ..............................कर्जा सुविधा उपभोग गर्ने/गर्दै आएकोले मलाई आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ बमोजिम तोकिएको व्याज दरमा रु..............................कर्जा सुविधा पाऊँ भनी त्यस बैंकले तोकेका आवश्यक काजातहरू सहित अनुरोध गर्दछु ।

दस्तखतः ..............................

नाम थरः ..............................

पदः (फर्म वा संस्थाको लागि):

छाप (फर्म वा संस्थाको लागिः

ठेगानाः

अनुसूची - ६

(दफा ८ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

आर्थिक पुनरुद्धार कोषको आधारमा प्रदान गरिने पुनर्कर्जाको लागि निवेदन

(नेपाल राष्ट्र बैंकमा पुनर्कर्जा माग गर्ने बैंक तथा वित्तीय संस्थाका लागि)

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषयः - आर्थिक पुनरुद्धार कोष पुनर्कर्जा प्रदान गर्ने बारे ।

यस बैंकले आर्थिक पुनरुद्धार कोषको आधारमा प्रदान गरिने आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ अनुरुप प्रवाह गरेको कर्जामा संलग्न विवरणबमोजिमका ऋणीहरूलाइ कर्जा उपलब्ध गराउनका लागि ऋणीहरूको मागबमोजिम कुल रु .............................. (अक्षरेपी रु..........................) यस बैंकको तहाँ स्थित खाता नं............. मा जम्मा हुने गरी उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

आर्थिक पुनरुद्धार कोषको आधारमा कर्जा प्रदान गरिएको विवरण

| क्र.सं. | ऋणीको नाम | सञ्चालित परियोजनाको नाम | व्यवसायको क्षेत्र उद्योग/पर्यटन/जलविद्युत/कृषि/रियलइस्टेट | अन्तिम ऋणको भुक्तानी मिति | ऋण रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कुल रकम रु. | | | | |

............बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति

दस्तखतः
नामः
पदः
संस्थाको छापः
विभाग/कार्यालयः

अनुसूची - ७

(दफा ९ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## आर्थिक पुनरुद्धार कोषको आधारमा पुनर्कर्जा लिई प्रदान गरिएको कर्जाको विवरण

(बैंक तथा वित्तीय संस्थाका लागि)

मितिः २०७ .. /... /....

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
नियमन विभाग, काठमाडौं ।

विषयः पुनर्कर्जाको त्रैमासिक विवरण ।

त्यस विभागको प.सं. .............. ................. मिति .............. ................सम्ममा आर्थिक पुनरुद्धार कोषबाट कर्जा प्रदान गर्न यस संस्थाले उपभोग गरेको पुनर्कर्जाको .......... महिनासम्मका विवरण देहायबमोजिम रहेको छ ।

आर्थिक पुनरुद्धार कोषको आधारमा कर्जा प्रदान गरिएको विवरण

(मितिः २०७ /....

| क.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | अन्तिम भुक्तानी मिति | कर्जाको बक्यौता | ऋणीको कर्जाको व्याज | | पुनर्कर्जा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्राप्त व्याज | पाउनु पर्ने व्याज | लिएको मिति | रकम | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

.................. बैंक/वित्तीय संस्थाको तर्फबाट
दस्तखतः
नामः
पदः
छापः
विभाग/कार्यालयः

बोधार्थ
नेपाल राष्ट्र बैंक,
सुपरीवेक्षण विभाग ।